धनगढी उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.- ०९१-५२३७२९
website : dhangadhimun.gov.np

प.सं.:- २०८०/०८१
च.नं.:- 258

मिति : २०८०।०४।१२

**विषय :- छात्रवृत्ति उपलब्ध गराउने सम्वन्धमा।**

श्री कक्षा ११ र १२ सञ्चालित संस्थागत विद्यालयहरु, सबै।
धनगढी, कैलाली।

प्रस्तुत विषयमा संस्थागत विद्यालयले दिने विद्यार्थी छात्रवृत्ति सम्वन्धमा नगर शिक्षा ऐन २०७४ (संसोधन सहित) को दफा ४५ मा तपशिल अनुसारको व्यवस्था रहेकोले त्यहाँ विद्यालयमा शैक्षिक सत्र २०८० मा कक्षा ११ र कक्षा १२ मा भर्ना भएका विद्यार्थीहरुमध्येबाट तोकिए बमोजिम छात्रवृति उपलब्ध गराउन आवश्यक कार्य गर्न, गराउन हुन जानकारीका लागि अनुरोध छ।

०८०/४/१४
रामलाल श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

**तपशिल**

(क) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशत नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित, जनजाति, जेहन्दार र अल्पसंख्यक विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(ख) उपदफा (क) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको अध्यक्ष, विद्यालयको प्रध्यानाध्यापक, महाशाखा प्रमुख वा निजले तोकेको अधिकृत र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावक को प्रतिनिधित्व रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ।

(ग) समितिले छनौटका लागि आधार शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक गरी छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(घ) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नुपर्नेछ।

**बोधार्थ**

श्रीमान नगर प्रमुख ज्यू :- जानकारीको लागि सादर अनुरोध।
श्रीमान नगर उप-प्रमुख ज्यू :- जानकारीको लागि सादर अनुरोध।
श्री सूचना तथा सञ्चार प्रविधि शाखा :- वेभसाईट र फेसबुक पेजमा अपलोड गरिदिनु हुन।
श्री सम्बन्धित वडा कार्यालयहरु, सबै :- त्यहाँ वडा कार्यालय अन्तर्गतका सबै संस्थागत विद्यालयहरुलाई जानकारी गराईदिनु हुन।